फोन नं.- ०३१५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी

पत्र संख्या ०७५।०७६ २ नं. प्रदेश, नेपाल

च.नं. १४८२ मिति: २०७६।१।२६

## सुचना !! सुचना !!! सुचना !!!

साना सिचाई तथा विशेष कार्यक्रम
(प्रथम पटक सुचना प्रकाशन मिति २०७६।१।२६

**श्री सबै वडा कार्यालय**
खडक नगरपालिका, सप्तरी ।

प्रस्तुत विषयमा यस खडक नगरपालिकामा नेपाल सरकारको सशर्त अनुदान तर्फको साना सिचाई विशेष कार्यक्रम अनुदान प्राप्त भएकोमा ३HP को कृषि मोटर सहित ४ इन्च बोडिङ्ग थान -७ यस नगरपालिकाको कृषि शाखामा दर्ता कायम रहेको कृषक समुह/कृषि सहकारी /फर्म संस्थाहरुको पहिचान गरी जडान गर्ने साना सिचाई विशेष कार्यक्रम संचालन गर्न इच्छुक कृषक समुह/कृषि सहकारी/फर्म संस्थाहरुले यस नगरपालिकाको कृषि शाखाबाट उपलब्ध गराईएको अनुसुची फारम दस्तुर रु.१००।- राजस्व बापत लिने रकम फिर्ता नहुने र सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश यो सुचना प्रकाशित गरिएको छ ।

**साना सिचाई विशेष कार्यक्रम**

**शर्तहरु**

१. कृषक समुह/कृषि सहकारी/फर्म संस्थाहरुले यस नगरपालिकामा बुझाएको रु.१००।-(एक सय मात्र)' फिर्ता नहुने गरी राजस्व दाखिला गरेको भौचर वा रसिद पेश गर्नु पर्नेछ ।

२. रु.१० (दश) को टिकट सहित पुर्ण रुपले भरेको निवेदन फारम ।

३. निवेदन प्रस्ताव साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु ।
   क) कृषक समुह/कृषि सहकारी/फर्म संस्थाहरुको ०७५।७६ को लागि नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि हुनु पर्ने ।
   ख) आयोजना माँग गर्ने कृषक समुह/कृषि सहकारी/फर्म संस्थाहरुको निर्णयको प्रतिलिपि ।
   ग) सम्बन्धित वडा कार्यालयको सिफारिस ।
   घ) सहकारीहरुले प्यान नं.आ.व. ०७५/७६ को लेखापरिक्षण प्रतिवेदन र आ.व. ०७५/७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. सुचना प्रकाशित भएको मिति देखि १५ दिन भित्रमा निवेदन यस नगरपालिकाको कृषि शाखमा दर्ता भएको हुनु पर्ने ।

५. रित नपुगेको, फारम अधुरो भएको र म्याद नाघी प्राप्त भएको निवेदन मान्य हुने छैन र त्यस उपर कुनै कारबाही गरिने छैन ।

६. सतही सिचाईको लागि सिचाई हुने जग्गा बढीमा ४ विघा जग्गा धनिको नामावली सहितको जग्गा धनि पुर्जाको प्रतिलिपि ।

७. साना सिचाई तथा विशेष कार्यक्रममा घटिमा १ वटा वोडिङ्गको कुला लागतको १५ प्रतिशत रकम जनश्रम दान कृषक समुह/कृषि सहकारी/फर्म संस्थाहरु आफैले वेर्होनु पर्ने ।

८. पकेट तर्फ अनुदान प्राप्त गरेको साथै गत विगतमा अनुदान प्राप्त गरेको कृषक समुह/कृषि सहकारी/फर्म संस्थाहरुलाई प्राथमिकता दिईने छैन ।

**नोटः थप जानकारीको लागि यस नगरपालिकाको कृषि शाखा कल्याणपुर सप्तरीको ना.प्रा.स. शिवकान्त चौधरीसँग सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ । मोबाइल नं. ९८१४ ७७१७९८**

२०७६।१।२६

...................

इन्द्र देव यादव
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रदेव यादव
प्रमुख प्रशासकीय अधिकृत